# पहिलो अध्याय

# शोध परिचय

## १.१ परिचय

दक्षिण एसियामा अवस्थित नेपाल भौगोलिक विविधता भएको मुलुक हो । यहाँ हिमाल, पहाड र तराईजस्ता भौगोलिक बनावटहरु रहेका छन् । यसैगरी लेक, बेंसी, फाँट, उपत्यकाजस्ता अनेक प्रकारका भौगोलिक विविधताहरुसमेत छन् । जमिनको सतहअनुसार यहाँ विभिन्न प्रकारका वनस्पति, जडिबुटी, जीवजन्तु, चराचुरुङ्गी तथा किटपतंगहरु पनि पाइन्छ । यसैगरी मुख्य रुपमा सप्तकोशी, सप्तगण्डकी र कर्णालीजस्ता ठूला जलाधार क्षेत्रहरु पनि छन् । यसअतिरिक्त साना-ठूला कयौं नदीनाला, तालतलैयाहरु रहेका छन् ।

यो मुलुक जातीय विविधता भएको मुलुक पनि हो । यहाँ विभिन्न नृवंशका समूहहरु बसोबास गर्दछन् । हाल जाति, जातजाति, आदिवासी/जनजाति, दलित, सीमान्तकृत आदिले सम्बोधन गरिने विभिन्न समूहहरु छन् । यिनमा किरात, आर्य, मङ्गोल, कोल, भिल, द्रविड समूहका मानिस बसोबास गर्दछन् । यहाँ करिब १०१ भन्दा बढी जाति-समूहहरु भएको मानिन्छ । यिनको इतिहास, भाषा, संस्कृतिमा पनि भिन्नता पाइन्छ । एउटै जातिभित्र पनि भिन्नता पाइनु यहाँका जाति र समूहहरुको अर्को विशेषता हो । यहाँका केही जाति लोपोन्मुख अवस्थामा पनि छन् । केही जाति र समूह भने समयअनुसार परिवर्तित अवस्थामा छन् । केही परम्परागत मूल्य-मान्यतामा विश्वास गर्दछन् । नेपालमा बसोबास गर्ने जातीय समूहहरुमध्ये केहीको वैज्ञानिक अध्ययन भएको छ भने धेरै जाति र समूहहरुको अध्ययन हुन बाँकी नै छ । अध्ययनमा स्वदेशी र विदेशी दुवै किसिमका अनुसन्धानकर्ता संलग्न भएको पाइन्छ । तर, जे जति अध्ययन भएको छ, तीमध्ये धेरैजसो एकपक्षीय र बाह्य दृष्टिकोणमा आधारित छन् । के स्पष्ट छ भने मेचीदेखि महाकालीसम्मका जातजाति, समूहहरुका बसाइँसराइ र जीविकोपार्जनका निम्ति आपसी संघर्ष र सहअस्तित्वको इतिहास अस्पष्ट छँदैछ र सहज पनि देखिँदैन । अध्ययन-अनुसन्धानको अभावमा जातजातिहरुको पहिचानका आधार भाषा, धर्म, संस्कृतिलगायतका कुराहरु प्रकाशमा आउन सकिरहेका छैनन् ।

नेपालमा बसोबास गर्ने यस्ता विभिन्न धर्म, भाषा, संस्कार, संस्कृति तथा आफ्नै मूल्यमान्यता भएका जातजातिहरुलाई नेपाल सरकारले आदिवासी जनजाति भनेको छ । आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐनद्वारा ५८ जातिहरुलाई आदिवासी जनजातिमा सूचीकृत गरेको छ ।[१]

मंगोल समूहअन्तरगत मानिएका प्राचीन किरातलाई आदिवासी जनजाति पनि भन्ने गरिन्छ । कसैकसैले यो समूहलाई आर्य तथा खस पनि भनेका छन् । एकथरि लेखकहरुले किरातअन्तरगत आजभोलि आदिवासी/जनजाति भनिने अन्य समुदायहरुलाई पनि समावेश गरेका छन् भने केहीले राई, लिम्बूलगायत केही सीमित समुदायलाई मात्र किरात वंशअन्तरगतका मान्दछन् । यसबारेमा विस्तृत र वैज्ञानिक अध्ययन भएको छैन । तर, वर्तमानमा धेरैले किरात भनेर मुख्य रुपमा राई, लिम्बू, याक्खा र सुनुवारहरुलाई मात्र बुझ्ने गरेका छन् । राइ, लिम्बूहरु पूर्वी नेपालको पहाडी र हिमाली क्षेत्रका आदिवासी मानिन्छन् । खम्बुवान र लिम्बुवान भनेर चिनिने स्थानहरु पूर्वी पहाडी क्षेत्रमा पर्दछन्, जसलाई माझकिरात र पल्लोकिरात भनिन्छ । यसैगरी सुनुवारहरुको क्षेत्रलाई वल्लो किरात भनिन्छ । राई, लिम्बू र सुनुवारअन्तरगत पनि विभिन्न जाति, समूहहरु छन् । किरात राई समुदायभित्र करिब २८ जातिहरु रहेका छन् । यी सवैको आ-आफ्नो भाषा, धर्म, संस्कृतिहरु रहेका छन् । यसै समूहमा पर्ने साम्पाङ राईहरु पनि एक जाति हो । यिनीहरुको मुख्य बसोबास हालको खोटाङ जिल्लाअन्तरगत पर्ने वासपानी, खार्तम्छा, फेदी र पाथेका गाविसहरुमा भएको र कालान्तरमा विभिन्न कारणले अन्य ठाउँहरुमा फैलन पुगेको पाइन्छ ।

राष्ट्रिय जनगणना वि.सं. २०५८ को तथ्याङ्कअनुसार नेपालमा राईहरुको सङ्ख्या ६,३५,१५१ रहेको[२] र तिनमा साम्पाङ भाषा बोल्ने साम्पाङ राईको जनसंख्या १०,८१० रहेको छ ।[३] साम्पाङ राईहरुले मुख्य रुपमा कृषि, पशुपालन, घरेलु उद्योगबाट जीविकोपार्जन गर्दै आइरहेका छन् । यसअतिरिक्त अन्य समुदायझैं बसाइँ-सराइ, बाह्य प्रभाव, शैक्षिक

---

[१]. ऐनमा उल्लेखित आदिवासी जनजातिको सूची- परिशिष्ट २ ।

[२]. हिज मेजेष्टिस गभर्न्मेण्ट, **पपुलेसन सेन्सस, २०५८** (काठमाडौं : नेशनल रिपोर्ट, नेशनल प्लानिङ कमिसन सेन्ट्रलन व्यूरो अफ स्टाटिष्टिक), पृ. ७२

[३]. **उही**, पृ. ८३

चेतनामा वृद्धि, जनसंख्या वृद्धि आदि कारणले अन्य पेशामा पनि संलग्न हुँदै गएका छन् । माथि भनिएझैं राईहरुमा सांस्कृतिक एकरुपता पाइँदैन । सबैका भाषा, संस्कृति, रहनसहन, संस्कार, पद्धति तथा जीवनशैलीमा विभिन्नता छ । राई समुदायअन्तरगत केही जातिहरुको स्वदेशी र विदेशी अनुसन्धानकर्ताबाट अध्ययन भैसकेको छ । तर, धेरैको अध्ययन हुन सकेको छैन । साम्पाङ राईको स्थिति पनि यसभन्दा भिन्न हुनु खोजको विषय हो । उनीहरुको जीवनपद्धति, संस्कृति र संस्कार अन्य राईसँग पूर्णतः मेल खाँदैन । उनीहरुका आफ्नै विशेषताहरु पनि छन् । यो साम्पाङ राईहरुको समूहगत परिचय पनि हो ।

## १.२ समस्या कथन

यो मुलुकमा बसोबास गर्ने किरात राई समुदायभित्रका विभिन्न जातिहरुमध्ये साम्पाङ राई एक जाति हो । यिनीहरुका आफ्नै भाषा, धर्म, संस्कार, संस्कृति तथा परम्परागत मूल्यमान्यताहरु रहेका छन् । तर, उनीहरुको जातीय पहिचान अन्य समाजमा आइसकेको छैन । यो जातिको बारेमा अध्ययन-अनुसन्धान गरी उनीहरुको संस्कारहरुलाई प्रकाशमा ल्याउन यो शोध केन्द्रित रहेको छ । यो शोधको प्रमुख समस्याको रुपमा साम्पाङ राई जातिका संस्कारहरु प्रकाशमा नआउनुलाई लिइएको छ । किरात साम्पाङ राईजातिको परिचय, उनीहरुको सांस्कृतिक जीवनका विभिन्न पक्षहरु, संस्कारका विभिन्न आयामहरु, अन्य समूहहरुसँगको भिन्नता, उनीहरुका संस्कारहरुलाई विवरणात्मक तथा विश्लेषण गरी प्रकाशमा ल्याउनु शोधको विषयभित्र पर्दछ । यो शोधकार्यमा उनीहरुको जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरुको अध्ययन गरिएको छ ।

यो शोधसङ्गठनका दृष्टिले निम्न मूलभूत प्रश्नहरुको उत्तर खोज्ने र त्यसलाई शोधको सीमा र परिवेशका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यसबारेका प्रमुख समस्याहरु निम्न रहेका छन-

१) किरात राई समुदायभित्रका साम्पाङ राई जातिका संस्कारहरु हालसम्म प्रकाशमा नआउनु ।

२) साम्पाङ राई र अन्य राईहरुबीचको सामाजिक-सांस्कृतिक भिन्नताबारे जानकारीमा नआउनु ।

३) साम्पाङ राईहरुका परम्परागत सामाजिक-सांस्कृतिक जीवनपद्धतिमा परिवर्तित अवस्थाले असर पार्दै जानु ।

४) साम्पाङ राईहरुका प्रथा, परम्परा र संस्कारगत मूल्यमान्यताहरु लिपिवद्ध नहुनु ।

साम्पाङ राईहरुको बारेमा अहिलेसम्म कहीँकतै अध्ययन भएको छैन । यिनीहरु नेपालका आदिवासी जनजाति हुन् । यिनीहरु पनि परम्परागत जीवनशैलीमा आवद्ध छन् । किरात राई समुदायमा साम्पाङ राईहरुको सामाजिक, सांस्कृतिक जीवनपद्धतिको स्थिति, आदिवासी जनजातिहरुमा उनीहरुप्रति सकारात्मक दृष्टिकोण बन्दै जानु र राईहरुमा साम्पाङ राईको छुट्टै परिचय भएकोले प्रस्तुत विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

किरात साम्पाङ राई जातिका विषयमा माथि प्रस्तुत समस्यामा आधारित भएर अध्ययन-अनुसन्धान गरी यो जातिको उत्पत्तिका सन्दर्भदेखि वर्तमानसम्म कायम रहेका जन्मदेखि मृत्युसम्म गरिने परम्परागत मान्यतामा आधारित संस्कारहरुलाई प्रकाशमा ल्याउन निम्न उद्देश्यहरु निर्धारण गरिएको छ :

१) किरात राई समुदायभित्रका साम्पाङ राई जातिका जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरु प्रकाशमा ल्याउनु ।

२) साम्पाङ राई जातिको उत्पत्ति तथा संस्कारहरु र अन्य राईहरुबीचको तुलनात्मक जानकारी प्रस्तुत गर्नु ।

३) साम्पाङ राईहरुका परम्परागत सामाजिक-सांस्कृतिक जीवनपद्धतिमा परिवर्तित अवस्थाले पार्दै गएको असरबारे प्रकाश पार्नु ।

## १.४ सैद्धान्तिक अवधारणा

समाजशास्त्र तथा मानवशास्त्रअन्तरतग जातीय अध्ययनको सुरुवात नेपालमा वि.सं. २००७ देखि मात्र सुरु भएको पाइन्छ । यसमा पनि सर्वप्रथम विदेशी लेखकहरुले

कलम चलाएका छन् । जसमा सर्वप्रथम हेमन्डअपले यहाँ जातजातिका बारेमा अध्ययन गरेको देखिन्छ । यसपछि भने स्वदेशी लेखकहरुले विभिन्न जातजातिहरुबारे अध्ययन सुरु गरेको हुन् । जसमा डोरबहादुर विष्टले 'सबै जातको फूलबारी' पुस्तकमा विभिन्न जातजातिहरुको अध्ययन गरेका छन् । यसैगरी प्रेमकुमार खत्रीले मानव तथा संस्कृतिको विकासबारे, धनबहादुर कुँवरले नेवार जातिबारे, रमेशराज कुँवरले शोर्पाहरुबारे, विदेशी लेखक माइकल विन्डिङले थकाली जातिबारे, नोवलकिशोर राईले बान्तावा राई भाषाबारे, डिल्लीबहादुर ओलीले वादी जातिको बारेमा, गणेशमान गुरुङले चेपाङ जातिबारे, डिल्लीरमण रेग्मीले आठपहरीया राईबारे अध्ययन गरेका छन् । वि. सं. २००७ को दशकदेखि हालसम्म नेपाली समाजका विभिन्न जातिहरुको बारेमा केही अध्ययन भएको देखिए पनि सबै जातजातिहरुका बारेमा अध्ययन हुन सकेको छैन । यसमा पनि जातिगत संस्कार विषय भनेर अलग रुपमा अध्ययन-अनुसन्धान गर्न बाँकी रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनको मूल विषय किरात साम्पाङ राईजातिका संस्कारहरु भएकोले यसबारेमा केही ग्रन्थकारहरुको सैद्धान्तिक अवधारणा तथा प्रस्थापनाहरुलाई तथ्य विश्लेषणार्थ अघि सार्न सकिन्छ ।

(क) किरात साम्पाङ राई जातिले हिन्दू वर्णाश्रम व्यवस्थामा आस्था नराख्ने भएकाले उनीहरुको आफ्नै प्रकारको परम्परामा आधारित संस्कार, मूल्यमान्यताहरु रहेको छ ।

(ख) यो जातिको धार्मिक र भाषिक रुपमा अलग विचार तथा आधार भएकाले अन्य जातिभन्दा फरक देखिन्छ ।

(ग) जातिगत संरचनाका दृष्टिले यो जातिको अन्य सबै जातिसित सामाजिक सम्बन्ध रहेको छ । वर्तमानमा उनीहरुमा सामाजिक परिवर्तनहरु देखिँदै छ ।

यस शोधको विषयअनुसार जातीय विकासको जातिगत संस्कारबारे सेर्री बी. अर्टनेर, माइक ओ-डनेल, सी.एन. शंकर राव, पदमलाल देवकोटासमेत र सामाजिक परिवर्तनबारे जर्ज सी. होम्मान्स र पीटर ब्लोको सैद्धान्तिक अवधारणाहरुलाई सारसंक्षेपमा प्रस्तुत गर्न मुख्यतः निम्न शीर्षकहरुमा जोड दिइएको छ-

१.५.१ संस्कारहरु

१.५.२ सांस्कृतिक सापेक्षवाद

१.५.३ सामाजिक परिवर्तन

## १.४.१ संस्कारहरु


सेर्री बी. अर्टनेरले शेर्पा जातिको विवाह, परिवार, धर्म, जनसङ्ख्या विषयमा हुने संस्कारहरुको चित्रण गर्दै निष्कर्ष प्रस्तुत गरेका छन् । उनले आफ्नो विश्लेषणमा संस्कारहरुबारे स्पष्ट पार्नुपर्ने समस्या र समाधानको रुपरेखा, संयन्त्रहरु धेरै प्रकारका प्रतीकको रुपमा रहने र तिनले आफैं प्रक्रियावद्ध तरिकाले सम्भावनाहरु पहिल्याउने, संस्कार सधैं प्रतीकको रुपमा व्यवस्थापन र अनुभव दुवैको आधारमा आफैं कार्यहरु गर्ने विचार व्यक्त गरेका छन् । जस्तै-

> 'The rituals I will be analyzing themselves use a variety of symbolic mechanisms in formulating problems and fashioning solutions, and my analyses will follow their contours as closely as possible. …Ritual symbolism always operates on both elements, reorganizing (reprentations of) "reality" and at the same time reorganizing (representation of) self.'[४]

यसैगरी संस्कृतिको चिनारीका सम्बन्धमा माइक ओ-डनेलले तीनवटा कुरालाई प्रमुख विषय बनाएका छन् । उनका अनुसार संस्कृतिबाट व्यक्तिगत चिनारी, सामाजिक चिनारी र सामूहिक चिनारीको आधार खडा हुन्छ । जो निम्न प्रकार छन् :

---

[४]. शेर्री बी. अर्टनर, **शेर्पाज थ्रु दियर रिचुयल्स,** (न्यू देल्ही : विकास पब्लिशिङ् हाउस लिमिटेड), वि. सं. २०३६, पृ. ९




संस्कृतिलाई व्यक्तिगत, सामाजिक र सामूहिक चिनारीको माध्यम मान्न सकिने भएकोले यसको महत्व सबै क्षेत्रमा देखिन्छ ।[५]

संस्कार-संस्कृतिका बारेमा सी.एन. शंकर रावले पनि आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनका अनुसार संस्कृतिका तत्वहरुमा मूल्य र मान्यतालाई जोड दिएको पाइन्छ । यसबारेमा उनी लेख्छन्, “It is very difficult to enlist values and norms for they are so numerous and diverse. They are insparable from attitude, exdept perhaps, analytically. *Values* may be defined as measures of goodness or desirability, They are the group conceptions of relative desirability of things. In sociology we are most concerned with values that are directly or indirectly involved in social relationships; moral, and religious values that have been to some extent institutionlalised.”[६]

## १.४.२ सांस्कृतिक सापेक्षवाद

मानव समाजमा हुने सामाजिक तथा सांस्कृतिक सापेक्षवादका विषयमा पदमलाल देवकोटाले अमेरिकी प्रसारवादको मूलकुरा नै सापेक्षताका आधारमा सांस्कृतिक व्याख्या गर्नु रहेको उल्लेख गर्दै, ‘...प्रत्येक संस्कृति आफ्नै विशिष्ट परम्परामा खासखालका छुट्टै मूल्य,

[५]. माइक ओ'डेनील, **इन्ट्रडक्सन टु सोसियोलोजी,** (लण्डन : युनिभर्सिटी अफ् वेष्टमिनिष्टर), वि. सं. २०५४, पृ. ४७६

[६]. सी. एन. शंकर राव, **सोसियोलोजी,** (न्यू देल्ही : एस. चन्द ७ कम्पनी, लिमिटेड), २०६६, पृ. १९८

मान्यता र आदर्शले युक्त भएका हुन्छन् र कसैको पनि संस्कृति उच्च र निम्न हुने र त्यसरी व्याख्या गरिनु हुन्न भन्ने तथ्यलाई अगाडि सार्दछ' भन्ने विचार अघि सारेका छन् ।[७]

### १.४.३ सामाजिक परिवर्तन

समाजशास्त्री होम्मान्सले सामाजिक संरचनालाई एकआपसमा कार्यगत सम्बन्ध भएका विभिन्न इकाइहरुको पूर्णता मानेको पाइन्छ । उनका अनुसार

> "No matter how far the degree of interdependence of the parts is personal a social structure in present since does not appear to refer to anything different from what is used to be called a social system."[८]

होमान्सको सामाजिक संरचनाको सैद्धान्तिक धारणाअनुसार एउटै वर्णव्यवस्थामा अटाएका छूत तथा अछूत जातजातिहरुबीचमा हुने सामाजिक मान्यताका आधारलाई विचार गर्दा पाइने आपसी मूल्यमान्यताको बीचमा हुने फरकफरक धारका दूरी नै जातिविशेषमा पाइने विभेदका प्रमुख कारक तत्व हुन् । यस मान्यताअनुसार हुने विभेदकारी वर्ण व्यवस्थमा आफूहरुलाई 'उच्च' जातीय व्यवस्थाभित्रका मान्ने गैर साम्पाङ राईहरुले विगतका समयहरुमा साम्पाङहरुलाई पनि अछुत वर्गमा राख्ने गरेको थिए । जो उच्च वर्ग मानिएका हिन्दू र गैरहिन्दू साम्पाङबीचको आपसी सम्बन्धमा दूरी सृजना गरेको छ । यो जातीय भेदका कारण दुईथरि समाजबीच सामाजिक सम्बन्धलाई पनि सीमित गरेको छ । यसबारेमा पिटर ब्लोको भनाइ छ, "...Differences in occupational positions are associated with differences in status in education, income, prestige and power."[९] यस सैद्धान्तिक अवधारणाअनुसार गतिशील सामाजिक संरचना परिवर्तनको आवश्यक शर्त हो । अन्तरजातीय वा अन्तरसमूहगत सम्बन्धको अभावमा सजातीय सम्बन्ध सवल हुन्छ र संरचनात्मक परिवर्तनलाई प्रश्रय मिल्दैन । यसले मुख्यतः पोशागत हैसियत, शिक्षा, आयस्रोत, प्रतिष्ठा र शक्तिमा फरक पर्न आउँछ ।

---

७. पदमलाल देवकोटा र नेत्रकुमार ओझा, **मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोण,** (चौथो संस्करण) (काठमाडौं : दिव्य देउराली प्रकाशन प्रा. लि.), वि. सं. २०६८, पृ. १२०

८. जर्ज सी. होम्मान्स, **ह्वाट डु वी मिन बाइ सोसियल "सट्रक्चर ?"** (पिटर एम. ब्लाउ. इड. लण्डन : ओपन बुक), वि. सं. २०३३, पृ. ५५

९. पिटर एम. ब्लाउ, **प्यारामिटर्स इन सोसियल स्ट्रक्चर,** (पिटर एम. ब्लाउ इड. लण्डन ओपन बुक), वि. सं. २०३३, पृ. २३८

## १.५ अध्ययनको महत्व

वर्तमान नेपाली समाजमा कतैकसैबाट अध्ययन नभएको समूह, समुदाय, वर्गको अध्ययन आवश्यक देखिन आएको छ । समाजविकासको सन्दर्भमा हाम्रो मुलुकमा समावेशी, आरक्षण, आदिवासी जनजाति, सीमान्तीकृत जस्ता विषयहरु अगाडि आइरहेका छन् । त्यसैले यस्ता विषयमा अध्ययन हुनु आवश्यक महसुस गरिएको छ । यस अध्ययनको महत्व अन्य कुराका अतिरिक्त निम्न कुरामा छ :

(क) साम्पाङ राईहरुको संस्कारहरुका बारेमा विस्तृत विवरण आउने छ ।

(ख) सबै जातिका राईहरु एउटै हुन् भन्ने भ्रमबाट मुक्त गराउन सक्ने छ ।

(ग) सरकारी नीति निर्माण र अध्ययनमा सहयोग गर्ने छ ।

(घ) यो अध्ययनले साम्पाङ राईहरुको परिचय प्रस्तुत गर्ने छ ।

बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक मुलुक नेपालमा सबै जातजाति, आदिवासी/जनजाति, सीमान्तीकृत समूह, दलित आदिको जातीय, सांस्कृतिक विशिष्टता छ । सबैले आफ्नो संस्कृति तथा परम्परामा गौरव गर्दछन् । केही जाति तथा समूह लोपोन्मुख अवस्थामा पनि छन् । सञ्चार, यातायात आदिको विकासले समाज अत्यन्त साँघुरिँदो अवस्थामा छ । यसले धेरै जाति, समाजको संस्कृति, परम्परा, मूल्य र मान्यतामा प्रभाव परिरहेको छ । धेरैको भाषा लोप हुने अवस्थामा छ । धार्मिक तथा आर्थिक संरचनामा परिवर्तन भइरहेको छ । किरात राई समुदायअन्तरगतको साम्पाङ राई जाति पनि यो अवस्थाबाट टाढा छैन । यिनीहरुको इतिहास, गौरवमय परम्परा, जातिगत संस्कृति, भाषा मौलिक छ । उनीहरुको बुझाइ विशिष्ट पनि छ । तथापि परिवर्तन, जातिगत अवधारणा, आर्थिक परिवर्तन आदिको कारणले उनीहरुको सामाजिक-सांस्कृतिक जीवनशैलीमा प्रभाव परिरहेको छ । यसमा संस्कारगत कुराहरु लोप हुँदै जानु, भाषा लोप हुने अवस्थामा पुग्नु, जातीय मूल्य र मान्यतामा प्रभाव पर्नु, आफ्नो गौरवमय विगत बिर्सँदै जानु, परम्परागत जातीय सिप-कौशल लोप हुँदै जानु, मौलिक विशेषता हराउँदै जानु आदि कारण पर्दछन् । यो जातिको बारेमा अहिलेसम्म कहीँकतैबाट अध्ययन नभएकोले उल्लिखित विषयहरुबारे स्पष्ट पार्नुपर्ने आवश्यकता महसुस गरिएको छ । साथै सामाजिक-सांस्कृतिक जीवनपद्धति, संस्कारहरु र समग्रमा उनीहरुको जीवनपद्धतिको अध्ययनबाट साम्पाङ राईहरुको बारेमा धेरै

कुरा बाहिर आउने विश्वास गर्न सकिन्छ । यो अध्ययनले नेपालको सङ्घीय, समावेशी सिद्धान्तलाई सहयोग मात्र पुग्ने देखिँदैन, स्वयं साम्पाङ राई समाजलाई पनि टेवा पुऱ्याउने देखिएकाले यो अध्ययन निकै औचित्यपूर्ण ठानिएको छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत अध्ययनको विषय **'किरात साम्पाङ राई जातिका संस्कारहरु र तिनका परिवर्तित स्वरुप (खोटाङ जिल्लाको विशेष अध्ययन)'** रहेको छ । यसमा समग्र साम्पाङ राईहरुबारे नभएर खोटाङ जिल्लाका परम्परागत बसोबासक्षेत्रहरु वासपानी, खार्तम्छा, फेदी र पाथेका गाविसका साम्पाङ राईहरुको संस्कारहरुको विश्लेषण गरिने छ । यसमा परम्परागत र परिवर्तित दुवै अवस्थाहरु पर्दछन् । यसअतिरिक्त किरात राई जातिबारे संक्षिप्त विवेचनाको साथै साम्पाङ राईहरुको सामाजिक-सांस्कृतिक जीवनका विविध पक्षहरु सामाजिक, पारिवारिक बनावट, गाउँघर, भाषा, संस्कृति, जन्म, विवाह, मृत्युका पद्धति, रहनसहन, परिवर्तनबारे पनि सान्दर्भिक रुपमा अध्ययन गरिएको छ । अध्ययनक्षेत्रबाट अन्यत्र बसाइँ-सराइ गरेर गएका परिवारहरुमा फरक हुनु स्वाभाविकै हो । तर, यो अध्ययनमा अन्यत्रका साम्पाङ राईहरुलाई समेटिएको छैन ।

## १.७ शोधविधि

पूर्वी नेपालका केही जिल्लाहरुमा छरिएर रहेका साम्पाङ राईहरु अन्य राई जातिहरुका साथै ब्राह्मण, क्षेत्री, सुनुवार, लिम्बु, तामाङ, गुरुङ, दमाई, कामी जस्ता व्यवसायिक समूहहरुसँग मिश्रित बसोबास भएकोले विशेष शोधविधि अपनाउनु आवश्यक देखिएको छ । यिनीहरुको मूलथलो खोटाङ जिल्ला रहेको कुरा स्थलगत अध्ययनबाट पुष्टि भएको छ । यीमध्ये खोटाङका केही ठाउँहरुमा साम्पाङ राईहरुको जनसङ्ख्या केही बढी रहेको छ र त्यहाँ उनीहरुको सामाजिक प्रभाव छ ।

### १.७.१ अध्ययन क्षेत्रको छनौट

साम्पाङ राईहरुको बढी बसोबास तथा सामाजिक-सांस्कृतिक प्रभाव बढी भएको खोटाङ जिल्लाअन्तरगत वासपानी, खार्तम्छा, फेदी र पाथेका चार गाविसलाई अध्ययनको लागि छानिएको छ । यिनीहरु यहीँबाट अन्यत्र बसाइँ-सराइ गरेको बुझिन्छ । यी ठाउँहरुमा

यिनीहरुका सामाजिक-सांस्कृतिक जीवनका परम्परागत पक्षहरु वर्तमानसम्म कायम छ । यस अध्ययनक्षेत्रमा परिवार र जनसङ्ख्याको पछिल्लो मतदाता नामावली र स्थानीय व्यक्तिहरुसँग प्रत्यक्ष सोधखोज गरी तथ्याङ्क सङ्कलन गर्दा निम्नानुसार रहेको पाइएको छ-

**अध्ययन क्षेत्रको जनसङ्ख्या**

| क्र.सं. | गाविसहरु | परिवार संख्या | जनसङ्ख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| क | वासपानी | ३२७ | ९९८ | १००६ | २००४ |
| ख | खार्तम्छा | ३९९ | ११४८ | ११५४ | २३०२ |
| ग | फेदी | ५५६ | १५४६ | १५४९ | ३०९५ |
| घ | पाथेका | ४३९ | १३२५ | १३२९ | २६५४ |
| ङ | जम्मा | १७२१ | ५०१७ | ५०३८ | १००५५ |

स्रोत : वि.सं. २०६५ साल कार्तिकदेखि पौष महिनासम्म गरिएको स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कमा आधारित ।

यसमध्ये साम्पाङ राईहरुको सबैभन्दा बढी जनसङ्ख्या फेदी गाविस र सबैभन्दा कम सङ्ख्या वासपानीमा देखिन्छ । यी ठाउँहरु उनीहरुको परम्परागत थलोको रुपमा चिनिन्छन् । यहाँ उनीहरुले आफ्ना परम्परागत मान्यता, संस्कारहरुलाई बचाइराखेका छन् र आफ्नो जीवनपद्धति त्यहीअनुसार सञ्चालन गरिरहेका छन् । यहाँको तुलनामा अन्यत्रका साम्पाङ राईको जीवनशैली अन्य समूहहरुको प्रभावमा परेको देखिन्छ । यो अध्ययन २०६३ माघदेखि २०६८ सम्मको अवधिमा आधारित छ ।

### १.७.२ तथ्याङ्क-सङ्कलन विधि

प्रस्तुत शोधका लागि मुख्यतः अवलोकन र त्यसका साथै विभिन्न उमेर समूहका व्यक्तिहरुसँग अन्तर्वार्ताका विधिहरु अपनाइएको छ । अन्तर्वार्ताबाट यो जातिको परम्परागत

संस्कारहरुबारे आवश्यक जानकारी प्राप्त भएको छ । शोधकर्ता साम्पाङ राई समूहकै भएकोले पनि अध्ययन सहज हुन पुग्यो ।

**(क) अवलोकन**

यस पद्धतिबाट साम्पाङ राई समाजको पारिवारिक संरचना, कार्यप्रणाली, नातेदारी प्रथा, संस्कार, रहनसहन, पेशाव्यवसाय जस्ता समाजका विभिन्न पक्षहरुको बारेमा जानकारी प्राप्त भएको छ । जन्म, विवाह, मृत्यु र विभिन्न समयमा गरिने धार्मिक विधिको साथसाथै अन्य विविध सांस्कृतिक-सामाजिक जीवनपद्धतिको पनि अवलोकन गरियो । खासगरी संस्कारहरुको परम्परागत स्वरुप र वर्तमान स्थिति बुझ्न तथा प्राप्त तथ्यांकहरुलाई तुलना गर्न यस विधिबाट महत्वपूर्ण जनकारी प्राप्त भएका छन् । यस पद्धतिमा सहभागी अवलोकन विधि पनि अपनाइएको छ ।

**(ख) फोटोग्राफी**

साम्पाङ राई जातिको अध्ययन-अनुसन्धान गर्ने क्रममा तथ्यहरुलाई प्रकाशमा ल्याउने र सत्यापन गर्ने प्रयासमा फोटोग्राफीको भूमिका पनि महत्वपूर्ण देखिएको छ । खासगरी जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरु यसअन्तरगत पर्दछन् । साथै रहन-सहन, पहिरन, खानपान, बसोबास, धार्मिक क्रियाकलाप आदिको फोटो सङ्कलन गरिएको छ । यस पद्धतिबाट उनीहरुको संस्कारहरुको अध्ययन गर्न सहयोग पुगेको छ ।

**(ग) सामान्य अन्तर्वार्ता**

यस पद्धतिमा अध्ययनक्षेत्रका धेरैजसो परिवारका घरमूली, विभिन्न पेशामा आवद्ध महिला-पुरुष, संस्कारहरुका बारेमा बढी भूमिका हुने कुबिमी (धामी), तायमी (समाजमा संस्कारसम्बन्धी विशेष जानकार व्यक्ति)हरुलाई छानिएको छ । यहाँ लिखितभन्दा बढी मौखिक अन्तर्वार्ता अपनाउनु व्यवहारिक देखिएकोले सोहीअनुसार गरिएको छ । यसको कारण हो, यो जातीय समाजमा साक्षर चेतनशील व्यक्तिहरुको सङ्ख्या अपेक्षाकृत कम छ । अन्तर्वार्ता पद्धतिबाट सामाजिक-सांस्कृतिक जीवनपद्धतिका विविध पक्षहरु धार्मिक, क्रियाकलाप, चाडपर्व, संस्कार, महत्वपूर्ण सामाजिक सूचना आदि प्राप्त छन् । परम्परागत

मिथक, गौरवगाथा, जातीय इतिहास, विगतको स्थिति, वर्तमानको अवस्था आदिबारे यस विधिबाट धेरै सूचना प्राप्त भएको छ ।

(घ) **सामूहिक छलफल**

यस विधिमा विभिन्न गाउँ, टोलका विभिन्न उमेर समूहका महिला, पुरुषहरुसँग अन्तर्क्रिया गरिएको छ । सामूहिक अन्तर्क्रियामा साम्पाङ राईहरुको इतिहास, जाति परिचय, जीवनशैली, चाडपर्व, विभिन्न संस्कार र सम्पन्न गर्ने विधि, धार्मिक क्रियाकलाप, सामाजिक जीवनका विभिन्न पक्षहरु नातागोता, पारिवारिक र सामाजिक जीवनपद्धति, परम्परागत उद्यम, सिप र कलाकौशल, वर्तमान स्थिति आदि बारे पनि विस्तृत छलफल गरी जानकारी लिइएको छ । यस शोधकार्यमा साम्पाङ राई जातिको संस्कारगत मान्यतााहरु समेटेर अनुसन्धानकार्य पूरा गर्नमा सहयोग पुगेको छ ।

(ङ) **विशेष अन्तर्वार्ता**

सामान्य अन्तर्वार्ताबाट सबै किसिमका सूचनाहरु प्राप्त हुने नदेखिएकोले विशेष अन्तर्वार्ताको विधि पनि अपनाइएको छ । यसमा साम्पाङ राईहरुका सामाजिक-सांस्कृतिक जीवनपद्धतिका विविध पक्षहरु खास गरेर जन्मदेखि मृत्युसम्मका परम्परागत संस्कार, पद्धतिहरुबारे जानकार व्यक्तिहरु, साम्पाङ राईहरुमध्येबाट विभिन्न काम, पेशा, रुची र उमेर समूहका व्यक्तिहरु समेटिएका छन् । यस पद्धतिमा लिखित र मौखिक दुवै तरिका अपनाइएको छ । यिनीहरु अन्य थरका राईहरुभन्दा आफूहरुलाई फरक प्रस्तुत गर्न खोज्दछन् । यो जातिको बारे उनीहरुका छिमेकी र अन्य समुदायका व्यक्तिहरुसँग पनि विशेष अन्तर्वार्ता लिइएको छ । खास गरेर साम्पाङ राई समाजका वृद्धवृद्धा, कुबिमी, तायमीहरुबाट विशेष सूचना, दृष्टिकोण र धारणा प्राप्त भएका छन् । सामाजिक-सांस्कृतिक जीवनपद्धति, संस्कारहरुका अतिरिक्त उनीहरुको इतिहास, गौरवमय परम्परा, जातीय मूल्यमान्यता आदिबारे पनि रोचक तथ्यहरु सङ्कलन गरिएको छ ।

(च) **द्वितीयक स्रोत**

साम्पाङ राईहरुको बारेमा अहिलेसम्म छुट्टै अध्ययन हुन सकेको छैन । उनीहरुको उल्लेख राई जातिबारे लेखिएका विभिन्न पुस्तकमा गरिएको छ । राई समुदायमा करिब २८

जातिहरु छन् भनिए पनि तीमध्ये थोरैको मात्र अध्ययन भएको छ । यस सन्दर्भमा साम्पाङ राईबारे कुनै अध्ययन नभएकोले किरातबारे लखिएका विभिन्न पुस्तक, केही अन्य जातिका राईहरुबारे लेखिएका साहित्यको अध्ययनले ठूलो सहयोग पुऱ्याएको छ । मूलरुपमा यो स्थलगत अध्ययनमा आधारित छ । यसमा अन्य विभिन्न जातजाति, आदिवासी जानजाति र विभिन्न समुदायका बारेमा लेखिएका समाजशास्त्र/मानवशास्त्रका साहित्यलाई पनि आधार बनाइएको छ । साम्पाङहरुबारे प्रस्तुत शोधकर्ताका केही लेख र सामग्रीभन्दा अरु दस्तावेजहरु उपलब्ध छैनन् ।

## १.८ अध्याय विभाजन

यस शोध-पत्रलाई विभिन्न अध्ययमा व्यवस्थित गर्नका लागि निम्न आठ अध्यायमा विभाजन गरिएको छ । तर, यी अध्यायहरुमा आवश्यकता र परिस्थितिअनुसार पछि केही थपघट पनि हुन सक्ने छ ।

१. पहिलो अध्याय- परिचय खण्ड

२. दोस्रो अध्याय- पूर्वसाहित्य समीक्षा

३. तेस्रो अध्याय- किरात राई जातिको उत्पत्ति र बसोबास

४. चौथो अध्याय- साम्पाङ राईको सामाजिक तथा आर्थिक जीवनपद्धति

५. पाँचौं अध्याय- साम्पाङ राई जातिको भाषा, धार्मिक जीवन र चाडपर्व

६. छैटौं अध्याय- किरात साम्पाङ राई जातिका संस्कारहरु

७. सातौं अध्याय- संस्कारको अन्य पक्षहरुसँग सम्बन्ध र सामाजिक परिवर्तन

८. आठौं अध्याय- उपसंहार तथा सुझाव